# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ३१, २०७८ मंसिर २१ मंगलवार (Jhuleni Post Weekly) 7 Dec. 2021 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


### मल्लरानीले जग्गा पायो, गौमुखीले टेण्डर गर्दै

# बने गाउँ गाउँमा सिंहदरवार







**एलबी थापा**

**झुलेनी पोष्ट, प्यूठान**

जिल्लाका सबै स्थानीय तहले सिंहदरवार बनाउने कार्यलाई धमाधम तिब्रता दिइरहेका छन् । जिल्लाको मल्लरानी गाउँपालिका बाहेक सबै गाउँपालिकाको अत्याधुनिक सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण प्रक्रिया थालनी गरेका छन् । केहिँले भवन निर्माण सम्पन्न गर्ने तयारीमा छन् भने केहिँ पालिका टेण्डर गर्ने प्रक्रियामा रहेका छन् । स्थानीय तह स्थापनाको पहिलो पाँच वर्षमै सबै पालिकाको 'सिंहदरबार' तयार हुने भनिएको थियो ।

जिल्लाका ९ स्थानीय तह मध्ये प्यूठान नगरपालिकाले सबैभन्दा पहिले आफ्नो प्रशासनिक भवन बनाएको हो । २० वटा भन्दा बढी कार्यकक्ष रहेको भवनमा नगरपालिकाले २०७६ बैशाख महिनाबाट प्रशासनिक काम थालेको नगरप्रमुख अर्जुनकुमार कक्षपतिले बताए । नेपाल सरकारबाट भवन निर्माणको लागि आ.व. ०७१/७२ मा १ करोड प्राप्त भएको थियो र वहुवर्षिय योजनाको रूपमा कार्य सम्पन्न भएको भवन निर्माणमा ४ करोड ४८ लाख ५३ हजार रुपैयाँ बरावर खर्च भएको उनले बताए । प्युठान नगरपालिका वडा नम्वर ४ बिजुवारमा ३ हजार ५ सय ६१.३६ वर्ग मि. क्षेत्रफल बरवरको जग्गा छ । नव निर्मित भवन ७ सय १३.८४ वर्ग मिटर क्षेत्रफलमा निर्माण भएको प्रशासकिय भवन भुकम्प प्रतिरोधात्मक रहेको छ । सरुमारानी गाउँपालिकाले पनि आफ्नै प्रशासनिक भवन निर्माण गरी २०७८ को जेठ महिनाबाट आफ्नै भवनबाट सेवा दिइरहेको छ । आफ्नै भवनबाट सेवा दिने गाउँपालिकामध्ये सरुमारानी पहिलो गाउँपालिका हो । गाउँपालिकाले बड्डाँडामा आफ्नै भवन बनाएको गाउँपालिका अध्यक्ष झक बहादुर बिश्वकर्माले बताए । उनका अनुसार भवनको पहिलो भुइतल्ला बनाउन १ करोड २६ लाख १७ हजार रुपैयाँ खर्च भएको छ भने दोस्रो तल्ला बनाउन करिब ६५ लाख रुपैयाँ लागत लागेको थियो । हाल दिइरहेको सेवालाई निरन्तरता दिन अहिलेको १३ कोठे भवन अपुग भएकाले करिव ४ तल्ला


बाँकि ५ पेजमा.....


## अटो रिक्सा दुर्घटनामा वुवा छोराको मृत्यु

प्यूठान । सोमवार दिउँसो भएको अटो रिक्सा दुर्घटनामा २ जनाको ज्यान गएको छ । चेरनेटाबाट चकचके तर्फ जाँदै गरेको रा १ ह ५७०७ नम्बरको अटो रिक्सालाइ विपरित दिशाबाट आएको ना ८ ख ३९०३ नं. को ट्रिपरले ठक्कर दिएको प्रत्यक्षदर्शिले बताए । दुर्घटनामा प्युठान न.पा. ३ घुर्चने निवासी वर्ष ३५ का अमृत थापा र वर्ष ४ का सुसान्त थापाको घटना स्थलमै ज्यान गएको हो । अटोमा एउटै परिवारका सदस्य सवार रहेको मा ४ जना घाइते भएका छन । घाइते हुनेहरुमा वर्षा ८ कि दुर्गा थापा, वर्ष ३० कि पुनम थापा, वर्ष १६ कि विपना थापा र वर्ष १० का शुष्मा थापा रहेका छन् । घाइतेहरुको प्यूठान अस्पताल विजुवारमा उपचार भइरहेको छ । घटनापछी अटो ड्राईभर फरार रहेका छन भने ट्रिपर र ट्रिप्पर चालकलाइ प्रहरिले नियन्त्रणमा लिइ अनुसन्धान थालेको छ ।

### जीवनको रङ्ग

## गरिबको सेवामा डा. लेखराजको दैनिकी

**दीपा पौडेल**

**झुलेनी पोष्ट, प्यूठान**

हल्का कपाल फुलेको छ । पछाडि झोला छ, फुलेको सेतो कपाल माथि ढाका टोपी अनि सामान्य चप्पल लगाएर दिनदिनै जुम्रीको बाटो नमस्कार गर्दै हिड्छन् डा. लेखराज सुवेदी । जुम्रीमा रहेको एक क्लिनिकबाट विरामीको सेवा गर्दै उनको दैनिकी बित्ने गर्छ । बि.स.२०४७ सालमा एम.बि.बि.एस. पुरा गरेका सुवेदीले सरकारी जागिर नपाएका पनि होईनन । तर उनलाई जागिर भन्दा समाज सेवा प्यारो लाग्यो । उनले सरकारी जागिरलाई त्यागेर समाज सेवामा लाग्ने निधो गरे । 'के दिन-के रात' अहोरात्र बिरामीकै सेवामा खटिरहने सुवेदी सधैं बेफुर्सदिला छन् । गाउँ गाउँबाट घरमै पनि बिरामीहरु अहिले पनि उनलाई उपचारका लागि बोलाउन आउने गरेको उनी सुनाउँछन ।



प्युठान नगरपालिका वडा नं. ४ टारी प्युठानमा बि.स २०१३ सालमा जन्मिएका सुवेदीले सुरुमा गाउँकै संस्कृत पाठशालामा श्लोक घोके । मुक्ति मा.बि रातामाटाबाट एस.एल.सि पास गरेपछि उनी साइन्स पढ्नका लागि काठ्माण्डौं पुगे । आई.एस.सी. पढिरहेका उनलाई एच.ए. पढ्न मन लाग्यो। उनी एच.ए. पढ्न चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगञ्ज पुगे । एच.ए. को पढाई पुरा गरेपछि उनले पाल्पामा सि.एम.ए. पढाउने जागिर पाए । त्यतिबेला नै उनले एम.वि.वि.एस. अध्ययनका लागि छात्रबृत्ति पाएको बताउँछन् । डाक्टर सुवेदीले २०४७ सालमा एम.वि.वि.एस.पुरा गरे। त्यसपछि जनरल फिजिसियन सुवेदीले शिक्षण अस्पताल महाराजगञ्जमा सहायक प्राध्यापकको जागिर पाए । विरामीको दैनिकी चाँप अनुसार डाक्टरहरु अझै पनि कम छन् नेपालमा । वि.सं. २०४७


बाँकी ५ पेजमा.....


### हाम्रो नजर

## विद्यार्थीहरुलाई पैदल हिँड्न सकस



जुम्रि विजुवार सडक खण्डमा जोखिम मोलेर पैदल हिड्दै विद्यार्थीहरु :

*साँघुरो सडक । नालीको समेत उचित व्यवस्थापन छैन । एकतर्फि रुपमा मात्र सवारी गुड्न सक्ने सडक छ । सवारीको चाँप दैनिक बढ्दो छ । जनसंख्या पनि त्यसगारी बृद्धि भइरहेको छ । दैनिक साना तथा ठुला सवारी साधन जिल्लाका मुख्य ब्यापारिक केन्द्रमा ओहोर दोहोर गारीरहन्छन् । विद्यार्थीहरु स्कुल आउ जाउ गर्ने र गाडी छुट्ने तथा आउने समय एएटै समय पर्दा जिल्लाको मुख्य व्यापारिक केन्द्रमा विद्यार्थीहरुलाई पैदल हिँड्न कठिनाई भएको छ । जिल्लाको क्वाडीदेखि, जुम्रि, विजुवार, पुण्यखोला, टिकुरी, बागदुला, दम्तीसम्म साना बालबालिकाहरुलाई पैदल हिँड्न समस्या हुने गरेको छ ।*

*जिल्ला भित्रिने र बाहिरीने मुख्य सडक भालुवाङ प्यूठान सडक खण्ड अन्तर्गत यी ठाउँमा बढ्दो मात्रामा सवारी ओहोर दोहोर हुँदा विद्यार्थीहरुले सास्ती ब्यहोर्दै आएका छन् । यो सडकमा दैनिक सयौं साना तथा ठुला सवारी साधन ओहोर दोहोर गर्दछन् । यसै सडकको दायाँ बायाँ साना बालबालिकाहरु विद्यालय पढ्न जाने र फर्कने विद्यार्थीहरु पैदलै हिड्नुपर्ने भएकाले सकस छ । तिव्र*


बाँकी ५ पेजमा.....


## प्यूठानका बाख्रापालक संगठित



प्यूठानका बाख्रापालक व्यवसायी प्रथम अधिवेशनमा सहभागीहरु ।

*प्यूठान जिल्लाका बाख्रा पालक ब्यवसायीहरु संगठित भएका छन्। स्वदेशमै पौरख गर्ने कृषि व्यवायीहरु संगठित हुनु सकरात्मक पक्ष हो। जिल्लाको सुगमदेखि दुर्गम गाउँसम्मका बाख्रापालन गर्ने ब्यवसायीहरु संगठित बनेका हुन् । २ वर्षपहिले तदर्थ समिति बनाएर संगठित बनेका उनीहरुले सोमवार प्रथम अधिवेशन मार्फत नेतृत्व चयन गरेका हुन् । हाल तदर्थ समितिको अध्यक्ष रहेका राम बहादुर एम.सी.को अध्यक्षतामा थप २ वर्षका लागि नेतृत्व चयन गरेको छ। जिल्ला स्तरदेखि पालिका स्तरसम्म उनीहरुले संगठन विस्तार समेत गरी सकेका छन्। कतिपयले बैदेशिक रोजगारीमा समस्या भोगेर बाख्रापालन व्यवसायमा आवद्ध छन् भने कतिपय स्वदेशमै कृषि कर्म गर्नका लागि हौसिएका ब्यवसायी यहाँ आवद्ध छन् ।*

*संगठित रुपमा अगाडी बढाएर ब्यवसायीहरुले आफ्ना सुख दुखका अनुभवन सहित व्यवसायिक उन्नतिका लागि सुधार गर्नुपर्ने विषयहरु कोशेढुङ्गा बनुन्। बाख्रापालन व्यवसायलाई दिगो रुपमा व्यवस्थापन गर्न र सरोकार वाला निकायको नजरमा पौरखी कृषकको रुपमा चिनिने मौका मिलोस्। नगर पालिका तथा गाउँपालिकामा कृषि क्षेत्रमा बिनियोजित बजेट रकमान्तर गर्ने प्रक्रियालाई पनि यस संघको नजर पुग्नेनै छ । सरकारले कृषि कर्ममा लाग्ने युवा व्यवसायीहरुलाई सहुलियत ऋण तथा सेवा दिन परिपत्र गरेपनि यस्ता व्यवसायीहरुले लाभ पाउन नसकिरहेका बेला यसतर्फ चनाखो बन्न जरुरी छ ।*

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## उडड्यन क्षेत्रको सुरक्षा गुणस्तरिय सेवामा ध्यान देऊ

*आज डिसेम्बर ७ तारिख । हरेक बर्ष जस्तै यस बर्ष पनि अर्न्तराष्ट्रिय नागरिक उडड्यन दिवस मनाईदै छ। कुनै पनि राज्य र क्षेत्रको विकासमा उड्ययन सुविधाको महत्वपुर्ण भुमिका हुन्छ। विकासका पुर्वाधारहरुको स्थापना गर्न, आवतजावत गर्न, सेवा सुविधाको पहुँच बढाउन, पर्यटन सम्भावनाको विकास गर्न, विपद व्यवस्थापन गर्न र दुर्गम क्षेत्रका बिरामीहरुलाई समयमै उपचारका लागि अस्पताल सम्म पुऱ्याउन उड्ययनको निकै ने महत्वपुर्ण भुमिका रहेको हुन्छ। ठुलासाना हवाईजहाज तथा हेलिकप्टर जस्ता हवाई यन्त्रहरुको सञ्चालन,सुरक्षा र व्यवस्थापनका लागि संसार भरका नागरिक उड्ययन विभागहरुले एकै स्वरमा आवाज उठाउने गर्दछन्।*

*सन् १९९४ मा* ***International Civil Aviation Organization (ICAO)*** *अर्न्तराष्ट्रिय नागरिक उड्ययन संस्थाको ५० औं बार्षिक उत्सव मनाउन यस दिवस मनाउन सुरु गरिएको हो। त्यस पछि संयुक्त राष्ट्रसंघको महासभाले पनि डिसेम्बर ७ लाई अर्न्तराष्ट्रिय नागरिक उड्ययन दिवसको रुपमा मान्यता दिएको हो। नेपालमा सन् १९५७ मा नागरिक उड्ययन प्राधिकरणको स्थापना भएको हो। वास्तवमा भन्ने हो भने हवाई उड्ययनले संसारलाई एकसुत्रमा बाँध्ने काम गरेको छ। एउटा कुनाबाट अर्को कुनालाई धेरै टाढाको महसुस गर्न नदिई नजिकै गराई दिएको छ। तर यससंगै यस क्षेत्रका चुनौतीहरु पनि उतिकै छन्। सन् २०१४ मा मलेसियाको क्वालालम्पुर विमान स्थलबाट चीनतर्फ उडेको मलेसियन एयरलाईन्सको जहाज अझै भेटिन सकेको छैन। धेरै यात्रुबाहक विमानहरु युद्धको आवेशमा आकाशबाट खसालिएका छन्। भने कैयौ विमानहरुका अवशेष अझै फेला पर्न सकेका छैनन।*

*जसकाकारण ठुलो जनधनको क्षतिपुगेको छ। नेपालमा विभिन्न समयमा भएकाविमान दुर्घटना थाई एयरको प्रसंग होस वाअन्य समयमा भएकाहवाई दुर्घटना होस । ती दुर्घटना गुमाएका आफन्त अनि त्यसले दिएको पिडा उनीहरुले कहिल्यै भुल्न सक्ने छैनन। धेरै विमान दुर्घटना हुँदाहुदै पनि नेपाली आकाशमा सिंगल इन्जिन सहित काजहाजहरु यात्रू सहित उडिरहेका छन्। यसलाई बिडम्बना नै मान्नु पर्दछ। संसारकै धेरै खतरनाक विमान स्थलहरुको सुचीमा नेपालको लुक्ला विमानस्थल पर्दछ। यो पनि एउटा उड्ययन जगतको ठुलो चुनौती हो। त्यस्तै भौगोलिक बिकटता र प्रतिकुल मौसम पनि यस क्षेत्रका ठुला चुनौतीहरु हुन। हवाई सुरक्षा अत्यन्तै संवेदनशिल बिषयहो यसलाई उच्च प्राथमिकतामा राख्न जरुरी छ। विभिन्न विदेशी तथा स्वदेशी ध्वजा बाहक जहाजहरु नेपाली आकाशमा उड्छन। उड्ययन क्षेत्रको सुरक्षा गुणस्तरिय सेवाको व्यवस्था लगायत व्यवस्थित अर्न्तराष्ट्रिय मापदण्डको हवाई क्षेत्र अनि विमान स्थलको सुरक्षा नै मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, गुणस्तरको कमी, अन्तराष्टिय समुदायले अपनाउदै आएको प्रविधि अपनाउन नसक्नु अनि कतिपय मानविय त्रुटिका कारणले नेपाली आकाशमा निरन्तर दुर्घटना भैरहन्छन। कतियप कारण नियन्त्रण भन्दा बाहिर हुन्छन त कतिपय नियम तथा आधार हरुलाई आत्मसाथ गर्न नसक्दा हुने गर्दछन। त्यसैले यस्ता सम्भाव्य दुर्घटनाहरुलाई न्युनिकरण गर्नका लागि सम्बन्धित सबैको बेलैमा ध्यान जान जरुरी छ।*

# छाउपडीको 'ओपन च्यालेन्ज' अभियानको सेतो रिबनमा छाउपडीको रातो रगतको धब्बा

यता हरेक वर्ष लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान घोषणा हुन्छ। उता पश्चिमी नेपालका कम्तीमा सत्र जिल्लामा अझै पनि जरा गाडेर बसेको छाउपडी प्रथा अभियानलाई 'ओपन च्यालेन्ज' गरिरहन्छ । छाउपडी प्रथा अरू जिल्लामा पनि विभिन्न स्वरूपमा होला तर यी सत्र जिल्लामा अझै छाउगोठ छन्। मान्छेहरूले पशुपालन छाड्दै गएकाले भेडीगोठ हटाउन थालिसके, गाईगोठहरू घटिसके। तर हट्नै पर्ने छाउगोठ ठडिएकै छन् । यिनै गोठमा किशोरी तथा महिलाहरू पाशविक व्यवहार भोग्दै बाँच्न बाध्य छन्। यही हो विडम्बना ।



नेपालमा २०५४ सालदेखि मनाउन थालिएको अभियान पश्चात पनि पश्चिमी पहाड र तराईका जिल्लामा सयौंले छाउगोठमा ज्यान गुमाइसके । सयौंले हिंसा भोगिसके । बाँच्ने र पीडा भोग्नेहरु छाउगोठलाई नरकतूल्य ठान्छन् । तर पनि अभियान जारी छ, आफ्नै किसिमले।

**गोकर्णप्रसाद उपाध्याय**

१६ वर्ष भयो सर्वोच्च अदालतले छाउपडी प्रथा उन्मूलनका लागि नेपाल सरकारलाई निर्देशनात्मक आदेश दिएको। २०६२ वैशाख १९ गतेको आदेशको एक वर्षपछि सरकारले २०६३ साल वैशाख २६ गते छाउपडी प्रथालाई कुरीति घोषणा गऱ्यो। त्यसपछि पनि दुइटा संविधान आइसके तर कर्णाली र सुदूरपश्चिम प्रदेशका हजारौं किशोरी तथा महिलाका रजस्वला र सुत्केरी हुँदा घरभित्रै बस्ने दिन आएका छैनन् । संविधानको धारा १६ भन्छ - प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक छ । तर छाउपडी प्रथाले त्यो हकको खिसिटिउरी गरेको छ। छाउगोठ आफैं भत्काउन र हटाउन समाजले अझै मानेको छैन। राज्य पुगेर गत विगतमा भत्काइएका छाउगोठ कैयौंले पुनः ठड्याएका छन्। प्रजनन् उमेरका किशोरी तथा महिलाले मासिक ती छाउगोठको अर्थहीन, उपलब्धिहीन आवासीय भ्रमणमा निस्किनुपर्छ ।

यही कुप्रथाको अन्त्य गर्ने नाममा कैयौं सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीले भ्रमण वा तालिम वापत राम्रै रकम लिएर फर्किरहँदा केही किशोरी तथा महिला ती छाउगोठ भ्रमणबाट सद्दे फर्किदैनन्। कोही हिंसामा पर्छन् । कोही अन्त्येष्टिको यात्रामा निस्किन बाध्य हुन्छन्। यहाँनिर मानव अधिकारले 'फेल' खान्छ। समतामूलक समाजको आदर्श ओइलाउँछ। दिगो विकास लक्ष्यमा भनिएको लैंगिक समानता ढल्छ। समृद्ध नेपाल, सुखी नेपालीको योजना तुहिन्छ। लैंगिक हिंसाविरूद्धको १६ दिने अभियान जस्ता अनेकन् अभियान नारामा खुम्चिन्छन् ।

महिलालाई मानसिक, भौतिक, पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक कुनै पनि कारणले हानी, क्षति, दुःख वा पीडा प्रत्यक्ष रूपमा पुऱ्याउनु वा पुऱ्याउने सम्भावना हुनुलाई महिला हिंसा भनेर व्याख्या गरिन्छ । यस्तै किसिमका हिंसा अन्त्यका लागि हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैंगिक हिंसाविरूद्धको अभियान चल्छ । अर्कोतर्फ यही हो छाउगोठमा छाउपडीको मृत्यु सुरू हुने 'सिजन' पनि। चिसोका कारण कठ्याङ्ग्रिएर, निसासिएर ।

अभियान विश्वभर चल्छ, सेतो रिबनका साथ। तर योनीबाट रातो रगत बगेकै कारण देशभर लाखौं महिलाले 'अछुत' झैं व्यवहार भोगेर काला रातहरू कालकोठरी जस्ता छाउगोठमा बिताउनुपर्छ। यस्ता गतिविधिले १६ दिने अभियानलाई 'ओपन च्यालेन्ज' गर्छन् । नेपालमा २०५४ सालदेखि मनाउन थालिएको अभियानपश्चात पनि पश्चिमी पहाड र तराईका जिल्लामा सयौंले छाउगोठमा ज्यान गुमाइसके। सयौंले हिंसा भोगिसके। बाँच्ने र पीडा भोग्नेहरू छाउगोठलाई नरकतूल्य ठान्छन्। तर पनि अभियान जारी छ आफ्नै किसिमले ।

सेतो रिबन छातीमा टाँसेर अभियान मनाउनेहरू कहिल्यै छाउगोठमा पुग्न सकेनन्। रातो रगत योनीमा च्यापेर छाउगोठमा बस्न बाध्यहरू कहिल्यै अभियान वा दिवस मनाउन पुगेनन् । अनि

**कसरी हुन्थ्यो महिला हिंसा अन्त्य?**

वर्षौंदेखि हामी लचिलो भयौं, सायद अब कठोर बन्नुपर्छ। मुखिया, धामी, झाँक्री, पण्डित, पुरोहित, मन्दिरका पुजारीहरू छाउपडीप्रति निर्दयी छन् त्यो आफ्नो ठाउँमा छ तर विडम्बना शिक्षक, कर्मचारी र जनप्रतिनिधिहरू समेत छोरीबुहारीलाई छाउगोठ पठाइरहेका छन् । अनि अभियानको प्रभातफेरीमा अग्रपंक्तिमा ब्यानर बोकेर नारा लगाइरहेछन्– लैगिक हिंसा अन्त्य गरौं। छाउपडी प्रथा अन्त्य गरौं। घर-घरबाट गरौं। आजै गरौं । अहिल्यै गरौं। धिक्कार छ ती सबैलाई जसले द्वैध चरित्र देखाइरहेका छन्। राज्यकोषबाट तलब खाने उनीहरूको तलब सुविधा तत्काल रोक्का गर्नुपर्छ। छाउपडी प्रथालाई अन्त्य गर्न बाधक छन् थुप्रै वृद्धवृद्धा जो दशकौंदेखि अभ्यास गरेको कुप्रथालाई सजिलै त्याग्नेवाला छैनन्।

त्यसैले उनीहरूले यसो गरेको भेटिएमा पहिलोपटक उनीहरूले पाउने सामाजिक सुरक्षा भत्ता आधा घटाइदिनुपर्छ। निरन्तर छाउपडी प्रथालाई बढावा दिइरहे बञ्चित नै गर्ने हदसम्म राज्य जान सक्नुपर्छ । नागरिकता बनाउँदा होस् वा कुनै अनुदान पाउँदा वा राज्यबाट प्रवाह हुने कुनै सेवा लिँदा, घरमा छाउगोठ भए, नभएको सिफारिस सम्बन्धित वडाबाट अनिवार्य ल्याउनुपर्छ। सिफारिसमा जेसुकै भए पनि सेवाबाट बञ्चित भने गर्नु हुँदैन। तर छाउगोठको वास्तविक विवरण प्राप्त भएपछि समस्याग्रस्त ठाउँमा थप अभियान र कार्यक्रम चलाउनुपर्छ। गलत विवरण दिने कर्मचारी वा जनप्रतिनिधिलाई खबरदारी गरिनुपर्छ । तिनको नाम सार्वजनिक गर्नुपर्छ। ग्रामीण एवम् दुर्गम क्षेत्रमा किशोरी तथा महिलालाई महिनावारी चक्रअनुसार निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने वातावरण सिर्जना गर्नुपर्छ । चाहे त्यो विद्यालयबाट होस् या स्वास्थ्य चौकीबाट। प्याड विदेशबाट आयात गर्ने होइन, स्थानीय सीप, प्रविधि र जनशक्ति प्रयोग गरेर उत्पादन गरिनुपर्छ ।

कानुन बनेको छ छाउगोठमा बस्न बाध्य गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजारसम्म जरिवाना गर्ने। तर यसको कार्यान्वयनमा उदासिनता छ। घरभित्रको कुरा भएको र अभिभावकविरूद्ध नै बोल्नुपर्ने भएकाले नगण्यबाहेक उजुरी आउँदैनन्। त्यसैले उजुरी गर्न आउनेको व्यवस्थाका लागि स्थानीय न्यायिक समितिहरू सक्रिय हुनुपर्छ। महिनावारी तथा सुत्केरी भएका महिलाका लागि स्थानीय तहले स्थानीय स्तरमा घुम्ती रूपमा मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउनुपर्छ ।

संघ, प्रदेश र स्थानीय तह सबैले आपसी समन्वय र सहकार्य बढाइ काम गर्ने हो भने सदियौंदेखि जरा गाडेको छाउपडी प्रथाजन्य कुरीति उन्मूलनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिने ठोकुवा सोह्रै आना गर्न सकिन्छ । तर यही ढंगले मात्र अगाडि बढ्ने हो भने लैंगिक हिंसाविरूद्धको १६ दिने अभियानको प्रतीक सेतो रिबनमा छाउगोठमा बस्ने किशोरी तथा महिलाको रगतको रातो धब्बा दाग बनेर रहिरहने छ। (लेखक उपाध्याय नेपाल सरकारका उपसचिव हुन् र यी लेखकका निजी विचार हुन्।)

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**माण्डवी गाउँपालिका, जस्पुर प्यठान**

## महको स्वादमा रमाएका तुल बहादुर

# मौरीपालन र तरकारीबाट वार्षिक १० लाख

मधुसुदन पोख्रेल
झुलेनी पोष्ट, प्यूठान

विहानै उठेर घरछेउँमा मह भरि एका डब्बा मिलाउनमा ब्यस्त हुन्छन तुल बहादुर खड्का । अहिले मह उत्पादनको सिजन भएकाले मौरीको हेरचाह र मह उत्पादनमै आज भोलि व्यस्त हुन्छन् उनी । स्वर्गद्वारी नगरपालिका ४ बाजिपुर स्थित काकपाति खोलाको छेउमा उनको कृषि फर्म छ । उनले आफ्नो श्रीमतिको नाममा सिता कृषि फर्म दर्ता गरि मौरी पालन संगै कुखुरा पालन, तरकारी खेति समेत गरेका छन् ।



स्वर्गद्वारी न.पा. ४ बाजिपुरमा महत बिक्रिका लागि ग्राहक कुर्दै तुल ब. ।

खड्काले पछिल्लो १० वर्ष देखि यो पेशा गर्दै आएका छन । थोरै लगानी बाट सुरु गरेको कृषि व्यवसाय आजभोली चम्कीएको छ । खड्कालाई श्रीमति संगै घरपरिवारको पनि सहयोग मिलेको छ । बाहिरी जिल्लाबाट मौरी चराउन ल्याउने व्यवसायीबाट प्रभावित भई मौरी पालनमा लागेको बताउँछन । 'सुरुमा १६ घार मौरी खरीद गरेको हुँ', खड्काले भने, 'अहिले २९ घार मौरी  छन, महको माग बढेकाले पुऱ्याउन सकिएको छैन ।' स्वर्गद्वारी दर्शन गर्न आउने तिर्थयात्रुहरुले प्यूठानको कोशेलीको रुपमा धेरैले मह किन्ने गरेको उनि बताउछन । बाटो छेउमै रहेको उनको पसल बाट दैनिक ५० किलो देखी एक क्विन्टल सम्म मह बिक्रि हुने गरेको छ । लामो समय देखि कृषिमा सकृय खड्काले मह तथा अन्य कृषिबाट खर्च कटाएर १० लाख भन्दा माथि आम्दानी हुने गरेको खड्काले झुलेनी पोष्टसँगको कुराकानीमा बताए । उनका अनुसार मौरीपालन सँगै खड्काले तरकारी खेती पनि गर्दै आएका छन् । सिजन सिजन अनुसार माहुरी प्यूठानका विभिन्न ठाउँ र बाहिरी जिल्ला दाङ, भैरहवा, नाराणघाट सम्म चराउन लग्ने गरेको खड्काले बताउछन । स्थानीय सरकारले कृषि पेशामा लाग्नेहरुलाई अनुदानका कार्यक्रम दिनेगरेपनि खड्काले भने चाख्न नपाएको दुखेसो गरे । 'अनुदानका कार्यक्रममा राजनीति हुन्छ', उनले भने, 'केही काम गर्छु भन्नेका लागि भागबन्डा हुँदा आफू जस्ता कृषकहरु पर्न सकिएको छैन ।' रोजगारका लागि गाउँका कैयौं युवाहरु विदेशिने प्रचलन बढीरहेका बेला गाउँमै मनग्य कमाएर उदाहरणीय व्यक्तित्व बन्न पुगेका छन् खड्का । अल्छी गर्ने र अरुको मुख ताक्नेका लागि खड्का गाउँमा नमुना कृषक बनेका छन् । स्वदेसमै गरेको सानो लगानीले राम्रो आम्दानी भएको हुँदा आफू र आफ्नो परिवार सुखी र खुसी भएको उनले बताए । 'मेहनेत गरी पौरख गर्ने हो भने सरकारलाई गुहारेर खुट्टा ढोग्न पर्दैन' उनले भने ।

## छोटकरी

### फेरि फुट्यो मसाल

# सन्त बहादुर नेपाली समन्वय समिति संयोजक




झुलेनी पोष्ट
प्यूठान

नेकपा मसाल फेरि फुटेको छ । नेकपा मसालले कारबाही गरी जिम्मेवारीबाट हटाएको समूहले अलग्गै समूह बनाएपछि मसाल राजनीतिक रुपमा फुटेको हो । पार्टीभित्र फरक विचार राख्दै आएपछि कारबाहीमा परेका र असन्तुष्ट नेता-कार्यकताहरुको राष्ट्रिय भेलाले नेकपा मसाल केन्द्रीय समन्वय समिति गठन गरेको जनाएका छन् ।

३१ जिल्लाका १९१ जना प्रतिनिधि सहभागी राष्ट्रिय भेलाले पूर्वसांसद सन्तबहादुर नेपालीको संयोजकत्वमा ५६ जनाको केन्द्रीय समन्वय समिति र ११ सदस्यीय सल्लाहकार समिति गठन गरेको हो । समन्वय समितिको प्रवक्तामा कृष्णराज पौडेल चयन भएका छन् । अन्य नेताहरुको नाम सार्वजनिक नगर्ने नीति रहेको सो समूहले जनाएको छ ।

समन्वय समितिका संयोजक नेपालीले नेकपा मसालको नेतृत्व दक्षिणपन्थी, अधिनायकवादी र स्वेच्छाचारी भएकोले विद्रोह गर्नुपरेको बताए । समन्यव समितिमा पार्टी नेताहरु विमल शर्मा, गोविन्दसिंह थापा, सूर्या थापा, जीवन शर्मा, दीपक पौडेल, रामबहादुर बुढा, नारायण योगी, शशिधर भण्डारी, गंगाधर शर्मालगायतका नेताहरु छन् ।

संयोजक नेपालीले सातौं महाधिवेशनपछि पार्टीमा फरक मत राख्नेलाई कारबाही गर्दै पार्टीबाट पाखा लगाउन खोजेकाले यस्तो अवस्था आएको बताए । 'नेतृत्वले त्यो कुरा अस्वीकार गर्दै आएकाले यो अवस्था आएको हो, एक वर्षभित्र नयाँ कम्युनिष्ट पार्टी गठन गर्छौं, छरिएर रहेका कम्युनिष्ट पार्टीहरुबीच ध्रुवीकरण आवश्यक छ, त्यही रणनीतिअनुसार अगाडि बढ्छौं', नोपलीले भने । समितिले संघीय व्यवस्था खारेज गर्न, एमसीसी सम्झौता खारेज गर्न, भारतद्वारा अतिक्रमित भूभागका सन्दर्भमा उच्चस्तरीय राजनीतिक तहबाट वार्ता गरी सीमा विवाद अन्त्य गर्न, १९५० लगायतका असमान सन्धी खारेज गर्न, कालापानी क्षेत्रबाट भारतीय सेना फिर्ता गर्नुपर्ने लगायतका माग सरकारसँग गरेको छ । यो समूहले साबिकको मसालमा रहेको २९ जना केन्द्रीय सदस्यमध्ये १४ जना बाहिरिएको दाबी गरेको छ ।

# प्यूठान उद्योग वाणिज्य संघ बजार इलाकामा सर्वसम्मत नेतृत्व




झुलेनी नेटवर्क
प्यूठान

प्यूठान उद्योग वाणिज्य संघ अन्तर्गत बिभिन्न बजार क्षेत्रका साधारण सभा तथा अधिवेशनबाट सर्वसम्मत नेतृत्व चयन भएका छन् । संघको यतिबेला १४ औं साधारण सभा तथा छैटौं अभिवेशन चलीरहेको छ । आगामी जिल्ला निर्वाचनका लागि बजार इलाकाको साधारण सभा तथा अधिवेशन टुङ्ग्याउनुपर्ने प्रावधान छ । जस अर्न्गत सरुमारानी बजार क्षेत्रमा योगेश सारुको अध्यक्षतामा ९ सदस्यीय कार्य समिति चयन भएको हो । समितिको उपाध्यक्षमा नवराज राना, सचिव किसान सारु, सह सचिव पुष्पराज न्यौपाने, कोषाध्यक्ष भरत एम.सी. पदाधिकारीमा निर्वाचित भएका छन् । सदस्यहरुमा बलिराम  सुनार, बुध कुमारी सोमै, महोम्मद अतिउल्ला हलुवाई चयन भएका छन् ।

गौमुखी बजार क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट जनक केसीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । के.सी. यस बजार क्षेत्रमा पुनः दोहोरीएका हुन् । बजार क्षेत्रको उपाध्यक्षमा दिपक वली, सचिव कृष्ण बहादुर मल्ल, कोषाध्यक्ष चेत बहादुर राना चयन भएका छन् । सदस्यहरुमा बसन्ता के.सी., बिदुर कुमार पुरी, मन बहादुर पुन, रुद्र विर बुढा निर्वाचित भएका छन् । जिल्ला प्रतिनिधिमा

नौबहिनी गाउँपालिका बजार क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट विष्णु के.सिको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको संघले जनाएको छ । उपाध्यक्ष रमेश के.सि., सचिव कृष्ण के.सि. र कोषाध्यक्ष छविलाल श्रीष मगर चयन भएका छन् । सदस्यहरुमा हुमा के. सि., धनिराम बि. एम., रिखिराम गिरि र हुमलाल भण्डारी चयन भएका छन् भने २ जना कार्यसमितिको बैठकले मनोनित गर्ने बताइएको छ । जिल्ला प्रतिनिधिमा ईश्वरि प्रसाद रिजाल चयन भएका छन् ।

मल्लरानी गाउँपालिका बजार क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट बासु प्रसाद श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । उपाध्यक्ष भरत कुमार श्रेष्ठ, सचिव नुमराज खनाल र कोषाध्यक्ष विवेक जि.सि. चयन भएका छन् । सदस्यहरुमा दिने सार्कि, चिन्ता भारति, सरिता भट्टराई र पशुपति श्रेष्ठ चयन भएका छन् । जिल्ला प्रतिनिधिमा प्रभात श्रेष्ठ चयन भएका छन् ।

झिमरुक गाउँपालिका बजार क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट बोदिराम पोखेल (बद्रि) को अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । उपाध्यक्ष कृष्ण प्रसाद पोखेल, सचिव प्रेम पुन र कोषाध्यक्ष पिताम्बर घिमिरे चयन भएको संघले जनाएको छ । सदस्यहरुमा हेमराज भट्टराई, ददिराम पन्थि, मोहन पुरी र दालिन्द्र के. सि. चयन भएका हुन् भने २ जना सदस्यलाई कार्यसमितिको बैठकले मनोनित गर्ने प्रावधान छ । जिल्ला प्रतिनिधिमा ददिराम पोखेल चयन भएका छन् ।

प्यूठान नगरपालिका नगर क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट प्यार अलि खाँनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । उपाध्यक्षमा खेमराज भण्डारी, सचिव कमल पौडेल, सह-सचिव प्रशुजता अधिकारी (जिसी) र कोषाध्यक्षमा रोहिणिराज पोखेल चयन भएका छन् । सदस्यहरुमा शम्भु श्रेष्ठ, टुकलाल न्यौपाने र विष्णु न्यौपाने चयन भएका छन् भने ३ जना कार्यसमितिको बैठकले मनोनित गर्नेछ । जिल्ला प्रतिनिधिहरुमा निरज श्रेष्ठ, प्रदिप कर्माचार्य र चेतनाथ योगि चयन भएका छन् ।

स्वर्गद्वारी नगरपालिका नगर क्षेत्रका साधारण सभा तथा अधिवेशनबाट पशुपति श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । उपाध्यक्षमा टिकाराम भण्डारी, सचिवमा रमेश पुन, सह-सचिवमा प्रेम प्रकाश श्रेष्ठ र कोषाध्यक्षमा बालाराम कालाथोकि चयन भएका छन् । सदस्यहरुमा दिपक चन्द्र थापा, बुद्धिराम गोराथोकि, पूर्ण बहादुर घर्ति, गणेशमान कालाथोकि चयन भएका छन् भने २ जना कार्यसमितिको बैठकले मनोनित गर्नेछ । जिल्ला प्रतिनिधिमा विष्णु प्रसाद भुषाल चयन भएका छन् ।

माण्डवी गाउँपालिका बजार क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट बसन्त कुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । उपाध्यक्ष मेनुका घर्ति, सचिव हरि सुवेदी, र कोषाध्यक्ष मदन घर्ति चयन भएका छन् । सदस्यहरुमा खगेश्वर  अधिकारी, ईश्वर खत्री, शान्त बहादुर योगि, जित बहादुर के. सि. र सेते घर्ति चयन भएका छन् । जिल्ला प्रतिनिधिमा सरिता थापा चयन भएका छन् ।

ऐरावती गाउँपालिका बजार क्षेत्रको साधारण सभा तथा अधिवेशनबाट नारायण ज्ञवालिको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । उपाध्यक्ष बिर बहादुर राहु, सचिव नुम प्रसाद श्रेष्ठ, र कोषाध्यक्ष चिन्तन श्रेष्ठ चयन भएका छन् । सदस्यहरुमा लाल बहादुर जि. सि., रोम बहादुर घर्ति, तुलसा थापा, हिमाल थापा, शिवराज श्रेष्ठ र धर्बेन्द्र शाहि चयन भएका छन् ।

# चुँजामा बन्यो आधारभूत स्वास्थ्य केन्द्रको भवन

बोम बहादुर परियार
झुलेनी पोष्ट

मल्लरानी गाउँपालिका वडा नं. २ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको छ। मुलुक संघीयतामा गईसकेपछि साविकको गा.बि.समा रहेका स्वास्थ्य चौकीहरु वडा विभाजन सँगै छुट्टिएका थिए। साविकको स्वास्थ्य चौकी १ नं वडामा परेपछि २ नं वडामा स्वास्थ्य संस्था थिएन। स्वास्थ्य संस्था नभएको वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्ने नेपाल सरकारको निति अनुसार भवन निर्माण गरि एक औपचारिक कार्यक्रमका बिच भवनको उद्घाटन गरिएको छ। वडा अध्यक्ष लेख बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा बोल्ने बक्ताहरुले स्वास्थ्य संस्थाबाट वडाबासीले गाउँमै स्वास्थ्य सुविधा पाउने भएपछि खुसी भएको बताए।

कार्यक्रममा मल्लरानी गाउँपालिकाका अध्यक्ष अमरध्वज रानाले बजेट बिनियोजन मात्र गरेर नहुने भन्दै सबैको सहकार्यमा राम्रो काम हुने बताउँदै भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने र सहकार्य गर्ने सबैलाई धन्यवाद दिए। कार्यक्रमका प्रमुख अतिथि रहेका रानाले आगामी दिनमा पनि विकासको लागि सबैसंग सहकार्य गर्ने बताएका छन्। स्वास्थ्य संस्थाको थप विकासको लागि आफुहरुले आवश्यक बजेटको ब्यवस्था गर्ने समेत उनले बताए। कार्यक्रममा राष्ट्रिय जनमोर्चाका लुम्बिनी प्रदेश संयोजक बोम बहादुर के.सीले स्वास्थ्य सेवा आफ्नै भवनबाट सुरु गरेकोमा चुजाँबासीलाई बधाई दिदै आगामी दिनमा आवश्यक बजेट विनियोजन गर्न गाउँपालिका सरकारलाई आग्रह गरे।

भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने समाजसेवी यम बहादुर केसीको परिवारलाई समेत संयोजक के.सीले धन्यवाद दिएका छन्। कार्यक्रममा नेकपा एमाले मल्लरानी गाउँपालिका सचिव युवा नेता नोमराज पौडेलले केपी ओली सर कारले लिएको निति अनुसार भवन निर्माण गरी सेवा सुरु गरेकोमा गाउँपालिकालाई धन्यवाद दिए। हामी नागरिकको स्वास्थ्य अवस्थाप्रति गम्भिर छौं युवा नेता पौडेलले भने -'देशै भरी स्थानिय तहमा १५ सैयाको हस्पिटल एकै दिन उद्घाटन गरिएको हो।

एमालेले सुरु गरेको कार्यक्रमलाई छिटो सक्न अनुरोध गर्दछु' स्वाथ्य विमा, कोभिड बिरुद्धको खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गर्न समेत पौडेलले सुझाएका छन्। भवनबाट प्रभावकारी सेवा प्रवाह गर्न कर्मचारीलाई उनले आग्रह समेत गरे। कार्यक्रममा मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकिय




स्वास्थ्य केन्द्र उद्घाटनमा जग्गादातालाई सम्मान गर्दै गाउँपालिका अध्यक्ष।

अधिकृत बालकृष्ण थापाले भवन नेपाल सरकारको मापदण्ड अनुसार बनेको भन्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिनुपर्ने बताए। नागरिकको सेवा गर्नु नै कर्मचारीको प्रमुख दायित्व भएकोले नेपाल सरकारले आधारभूत स्वास्थ्य केन्द्रबाट प्रदान गर्ने सेवालाई प्रभावकारी रुपमा संचालन गर्ने बताए। भवनबाट सेवा प्रवाह गर्दा प्रभावकारी समेत हुने उनले बताए।

भवन ३८ लाख ५६ हजार ३ सय ४१ रुपैयाँको लागतमा सम्पन्न भएको प्रमुख प्रसाशकिय अधिकृत थापाले जानकारी दिए। आधारभूत स्वास्थ्य संस्थाबाट संचालन हुने सबै सेवाहरु अब नयाँ निर्मित भवनबाट सुरु हुने समेत थापाको भनाई छ। गाउँको विकासको लागि आफुले निःशुल्क जग्गा दिएकोमा आफु र आफ्नो परिवार खुसी भएको समाजसेवी यम बहादुर केसी बताउँछन्। म गाउँको विकासको लागि सक्दो सहयोग गर्न सधैं लागि परे। के.सी भन्छन् - 'मन ठूलो बनाएर खेतियोग्य बारी दिएको हो, आज परिवारलाई सम्मान गर्दा निकै आनन्द महसुस भएको छ।'

आफुले निशुल्क रुपमा उपलब्ध गर एको जग्गामा बनेको स्वास्थ्य केन्द्रले स्थानीयवासीलाई लाभ हुने उनले बताए।

विद्यार्थीहरुलाई ......

*गतिमा हुँइकेर गुइने सवारीले उडाएको धुलो खाँदै र मुख छोप्दै विद्यार्थीहरु हिड्न बाध्य छन्। बजार क्षेत्रमा पैदल हिँड्ने सडकको ब्यवस्थापन नहुँदा विद्यार्थीहरुले जोखिम मोलेर पैदल हिडिरहेका हुन्छन्। अभिभावकहरु पनि स्कुल पठाउँदा देखि बेलुका घर नआउँदासम्म चिन्तामा रहेका हुन्छन्। सवारीको तिव्र गति त्यसै माथी साँघुरो सडक कम्त बिजोग छैन यो सडक खण्डमा। सरोकारवाला निकायलाई बाटो ब्यवस्थापनका लागि बारम्वार आवाज उठाउँदा पनि चासो नदिएको अभिभावकहरुको गुनासो छ।*

*सवारी चालकहरुले तिब्र गतिमा सवारी गुडाउने र ठुलो आवाजमा हर्न बजाउँदा सडक आसपास रहेका विद्यालयहरुमा पठन पाठनमा समेत समस्या हुने गरेको छ। मुख्य सडक आसपासमा विद्यार्थी र पैदल यात्रुहरुलाई बैकल्पिक बाटोको व्यवस्था नहुने हो भने दुर्घटनाको भय बढेको छ। विद्यार्थीसँगै बजारमामा किनमेल गर्ने सर्वसाधारण पनि बिहान बेलुकाको समयमा पैदल हिड्ने गर्दछन्। पैदल यात्रुका लागि मुख्य सडकको किनार मा बजार क्षेत्र आसपासमा व्यवस्थापन नहुने हो भने सवारी दुर्घटनाको चिन्ता बढेको छ। यस बजार क्षेत्रमा हर्न निशेधित क्षेत्र र तिब्र गति नियन्त्रण गर्न जरुरी देखिन्छ। समयमै सरोकार वालाको ध्यान पुगोस्।*

## गरिबको सेवामा.....

सालमा एम.वि.वि.एस. सकेका डाक्टर सुवेदीको महत्व कति थियो त्यो सोझै अनुमान लगाउन सकिन्छ। देशभरबाट गणना गर्न सकिनेमा उनी पर्थे। त्यति बेला डाक्टरको महत्व औंलामा गनेर गन्न सकिने अवस्थामा थियो। त्यस्तो अवस्थामा पनि उनी कत्तिपनि विचलित नभई गाउँमा सेवामा लाग्ने अठोटका साथ सबै सुविधालाई छाडेर जन्मभुमि फर्किए।

उनी संग पढेका, जागिर खाएका धेरै डाक्टर अमेरिका, बेलायत छन्। कुनै सुविधा सम्पन्न शहरी अस्पतालमा छन्। तर उनी काठमाण्डौको सुविधा छोडेर गाउँका गरिव दुःखीको सेवाका लागि गाउँ रोज्ने निधोर गरे। अहिले पनि उनी गाउँकै सेवामा निरन्तर लागिरहेका छन्। उनी भन्छन, 'मलाई मेरो बुवाले समाज सेवामा लाग्न प्रेरणा दिनुभएको हो। म आफ्नो सेवालाई अझै ब्यवस्थित गर्न गाउँमा सामुदायिक स्वास्थ्य संस्था खोलेर जनतालाई निःशुल्क स्वास्थ्य सेवा दिन चाहान्छु।'

निजी स्वास्थ्य संस्था होइन, सामुदायिक स्वास्थ्य संस्था खोलिनुपर्दछ। 'निजीमा सेवा महंगो हुन्छ सबैले त्यो सुविधा लिन सक्दैनन्' उनी भन्छन्। डाक्टर सुवेदीसंग विरामीहरु आउँदा पैसा नभएर तनाव गर्नुपर्दैन। उनले पैसा नभएको विरामीलाई निःशुल्क उपचार गरि पैसा लिदैनन्। बिरामी खुसी भएर सय, पचास दिन्छन्। त्यसैले पुग्छ उनलाई।

पैसा हुनेहरु त महंगो अस्पतालमा गैहाल्छन् नि डा.सुवेदी भन्छन, 'नहुने गरिबहरु नै हो म कहाँ आउने। उनीहरु संग के पैसा माग्नु जति दिन्छन् त्यति लिन्छु।' उनको जीवन शैली समान्य छ। पुर्ख्यौली माटाको घरमै बस्छन्। आफ्नो लागि धन दौलत केहिँ जस्तै लाग्दैन उनले झुलेनी पोष्टसँगको कुराकानीमा बताए।



बिरामीहरु गाउँमा हुने भएकाले आफूलाई शहरमा बस्न मन नपरेको बताउँछन् उनले। एक डाक्टर जसले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल छोडेर दुर्गम गाउँ रोजेर गरीव र दुखीहरुको सेवामा सदैव समर्पित छन्। सामान्य जीवन बिताउन रुचाँउने उनी चिकित्सा क्षेत्रमा आएका नयाँ नयाँ बिषयहरुमा जानकारीहरु राख्न स्वअध्ययन गर्ने गर्दछन्। उनको कोठामा पत्रपत्रिका, पुस्तकहरु थुप्रै छन्। उनले नियमित रुपमा रे डियो पनि सुन्ने गर्दछन्।

### विहे किन भएन त ?

समाज सेवामा लागेका डा. सुवेदीलाई गरिब दुखीको सेवा गर्दै गर्दा विहे गर्ने सोच नै आएन। बिरामी आफु कहाँ आएर निको भएको देख्दा नै सेवामा प्रेम आनन्द आउँछ। उनी भन्छन् 'सेवा गर्दागर्दै विहे गर्ने कुरा नै भुलेछु।' हाँसेर फेरी डाक्टर सुवेदीले थपे, 'मलाई कसैले मन पारेनन् की मैले पारिन पत्तै भएन। त्यति बेला मलाई बिहे पारिवारिक बन्धन भन्दा दिन दुखिहरुको सेवा मै खुशी मिल्दथ्यो।' बिरामीको सेवाका लागि गाउँ फर्केको हुनाले बिलासी जिवनमा कहिल्यै ध्यान नगएको उनको भनाई छ।

### कहाँ कहाँबाट सम्मान पाए त ?

समाजसेवामा रमाएका डा.सुवेदी स्वास्थ्य खबर पत्रिकाबाट बेस्ट डक्टर्स अवार्ड सन् २०१२ बाट सम्मानित भए।

समाज कल्याण परिषद्को ३४ औं सामाजिक सेवा दिवसको अवसरमा स्वास्थ्य क्षेत्रबाट गरिब दुःखीहरुको लागि अतुलनिय योगदान पुर्याए बापत नगद २१ हजार सहित सम्मान, वि.स. २०७२ सालमा समाजसेवा रत्न पुरुस्कार, २०७८ असोज ३ संविधान दिवसको अवसरमा पर्वल जनसेवा श्री पुरुस्कारले सम्मानित भएका थिए।

राष्ट्रपति बाट २०७९ बैशाख १ गते नया वर्षको अवसरमा डा. सुवेदीले अर्को पदक ग्रहण गर्दैछन्।

यसका साथै डा. सुवेदी जिल्लाका विभिन्न संघ संस्था र कार्यालयद्वारा गरीव तथा दुखीहरुको सेवामा पुर्याएको योगदानको कदर स्वरुप दर्जनौं पटक सम्मानित हुँदै आएका छन्। आफ्नो लागि यहि नै सवथोक बताउने डा. सुवदी यसैकारण गरीवका डा. बन्न सकेका हुन्।

## स्थानीय तहले गाउँमा....

सम्म बनाउन सके सेवाग्राहीलाई सहज तरीकाले सेवा दिन सकिने प्रमुख प्रशासकिय अधिकृत चिन्तामणी रेग्मीले बताए। 'अहिले एउटै कोठामा टेबल कुर्चि राखेर खादिएरै सेवा दिइरहेका छौं' उनले भने, 'पालिकामा आफ्नै शाखा बाहेक धेरै क्षेत्रका काम गर्नुपर्ने भएकाले कार्यकक्ष अपुग भएको छ।' माण्डवी गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न हुने प्रक्रियामा रहेका अध्यक्ष श्रीधर रोकाले जानकारी दिए। 'भवन निर्माण सकिइ सकेका छौं', अध्यक्ष रोकाले भने, 'मंसिर र पुस महिनाभर फिनिसिङ सक्काएर माघ महिनाबाटै आफ्नै भवनबाट काम थालनी हुनेछ।' यहाँको भवन हल सहितको २२ कोठे ढाई तल्लाको निर्माण भएको छ। 'अहिलेलाई प्रशासनिक भवन मात्र निर्माण भएको हो', प्रमुख प्रशासकिय अधिकृत शिसिर रिजालले भने, 'आवासीय नभएकाले प्रशासनिक कामको लागि प्रयाप्त मात्रामा कार्यकक्ष बन्नेछन्।' रिजालका अनुसार करिव ५ करोड ५० लाख बरावरमा भवन निर्माण भएको हो।

ऐरावती गाउँपालिकाले वडा नं. २ को बरौला ददेरीपाटामा भवन निर्माण भइरहेको छ। पहिलो तल्ला निर्माण सम्पन्न भई अहिले दोस्रो तल्लाको काम भइरहेको छ। झिमरुक गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भएको छ। भवन निर्माण कार्य सम्पन्न भई रंगरोगनको काम समेत सकिएको र अहिले कार्यकक्ष निर्माणको काम भइरहेको गाउँपालिका अध्यक्ष तिलक बहादुर जिसीले बताए। चार तल्लाको भवन निर्माण गर्ने डिपिआर तयार भएपनि अहिले २२ कोठाको २ तले भवन निर्माण पुरा भएको हो। भवनको लागत अनुमान ६ करोड ५७ लाख ३५ हजार ७ सय २४ रुपैयाँ रहेको प्रमुख प्रशासकिय अधिकृत शुवाष रिजालले जानकारी दिए। प्रशासनिक भवनमा आपतकालिन भर्याङ र अपाङ्गमैत्री शौचालय समेत निर्माण गरीएको छ। आफ्नै भवन निर्माणपछि कार्यालयको नियमित सेवा प्रवाहमा सहज हुने अपेक्षा गाउँपालिकाले लिएको छ। गाउँपालिकाले यसअँघि सोहि ठाउँमै सभाहल निर्माण गरी पार्टिसन गरेर सेवा प्रवाह गर्दै आएको छ। नौबहिनी गाउँपालिकाले बाहानेमा साडे ३ तलाको भवन निर्माण थालेको छ। करिव ६ करोड ५० लाख लागतमा निर्माण सम्पन्न हुने अनुमानित लागत सहित २०७८ असार महिनामा भवन निर्माणको लागि शिल्यान्यास गरीएको छ। मल्लरानी-रविना-आँशु जेभिले २०७९ मंसिरमा काम सम्पन्न हुने गरी ठेक्का सम्झौता भई काम गरीरहेको निमित्त प्रमुख प्रशासकिय अधिकृत अरविन्द ब्रह्माले बताए।

गौमुखी गाउँपालिकाले यसअघि सभाहल निर्माण गरीसकेको छ भने अब प्रशासनिक भवन निर्माणको चरणमा रहेको गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले बताए। भवन निर्माणको लागि चालु आर्थिक वर्षमा १ करोड ३० लाख रुपैयाँ छुट्याइएको छ। करिव ३ तल्लाको बन्न लागेको भवन निर्माण सम्पन्न गर्नको लागि करिब ५ करोड रुपैयाँ अनुमान गरीएको छ। डिपिआर सम्पन्न भई तत्कालै टेण्डर प्रक्रियामा लैजाने तयारी भइरहेको छ।

मल्लरानी गाउँपालिकाले भने बल्ल जग्गा प्राप्तिको प्रक्रिया टुङ्गाएको छ। ६ रोपनी जग्गा प्राप्ती गरी पौस मसान्तसम्म डिपिआर सम्पन्न गरी भवन निर्माणको लागि माग योजना रहेको प्रमुख प्रशासकिय अधिकृत बालकृष्ण थापाले बताए। पुस महिना लाग्दै टेन्डर प्रक्रिया सुरु गर्ने कार्यालयले जनाएको छ। नयाँ भवन निर्माणसँगै स्थानीय तहले चुस्त दुरुस्त सेवा दिनलाई सहज हुने निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरु बताउँछन्।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# जनगणना र नागरिकका प्रश्न?

- युवालाई आफ्नै देशमा राख्ने निति खै ?
- नागरिकले मेरो सरकार भनेर चिन्ने दिन कहिले आउँछ ?
- नागरिकहरुका गुनासा सुनेको खै सरकार ?
- गाउँमा सुविधा सम्पन्न स्वास्थ्य संस्था खै ?



मधुसुदन पोखेल

'मेरो गणना मेरो सहभागिता' भन्ने मुल नाराका साथ नेपाल सरकारले कार्तिक २५ देखि मंसीर ९ गते सम्म देशैभर जनगणना कार्य संचालन गरेको थियो । यो कार्य अहिले संम्पन्न समेत भएको छा विगतका जनगणनाहरुमा शिक्षकहरुलाई गणना गर्न खटाइएको हुन्थ्यो तर २०७८ सालको जनगणना भने तथ्याङ्क विभागले अनलाईन दरखास्त मार्फत गणकहरु छनोट गरी गाउँगाउँमा गणकहरु खटाएको हो । कुनै पनि रोजगारीमा संलग्न नभएका युवाहरुलाई जिम्मेवारी सुम्पिने निर्णय गर्नु तथ्याङ्क बिभागले गरेको एकदमै नौलो र स्वागत योग्य कदम पनि थियो । यो कार्यमा गणकको भुमिकामा सहभागि हुने अवसर मैले पनि प्राप्त गरेको थिएँ ।

राष्ट्रिय जनगणना २०७८ सफल पार्न घर दैलो गर्दै गर्दा गाउँका नारीकहरुको कार्य, जिवनशैली, रहनसहन, भेषभुसा, लवाई-खुवाई, र व्यवहारीकतालाई नजिकैसँग बुझ्ने अवसर पाईयो, राजनीतिको बिग्रिंदो परिस्थितिको बावजुत पनि उत्तरदाताले देखाउनु भएको माया र सद्भाव गज्जबको थियो नै । उत्तरदाताका केही गुनासाहरुले मन खिन्न बनायो त कतै तुरुक्क आँसु झार्ने खालका पनि भेटिए । भने केही गुनासाले अचम्मित पनि बनायो । घर दैलो गर्दा वास्तविक नेपालको वास्तविक अनुहार चिन्ने अवसर समेत पाइयो । म खटिएको केहि ठाउँमा बसोबास गर्ने २० प्रतिशत भन्दा बढी उत्तरदाताहरु अशिक्षित हुनु हुँदो रहेछ, हामीले पढेको साक्षरता प्रतिशत भन्दा यती कम साक्षरता पाउँदा असाध्यै दुःख पनि लाग्यो ।

विहान ६ बजे देखि बेलुका ७/८ बजे सम्म घरघरमा र घर पर्किए पछि फाईल मिलाउँदा रातको १२ बज्दथ्यो । १५ दिनको सरकारी रोजगारीले मन त खुसीनै थियो तर केहि समय काम पाउँदा मलाई सांच्चै खुसी लागेको थियो तर १५ दिन पछि के गर्ने भन्ने कुरा मेरो मनमा त खेलिनै रहन्थ्यो र अझै पनि कुनै काम पाउछु कि भन्ने आसमा बसिरहेको छु । दैनिक तिनै प्रश्न सोधेकोले रमाइला जवाफहरु त आउथेँनै, तर केहि त गुनासो सहितका दया लाग्दा जवाफ आउदा मन उदास समेत हुन्थ्यो । शिक्षित भनौदाहरु र समाजका केहि अगुवा भनौदाहरुले आफ्ना नगरीकहरुले के गरिरहेका छन भन्ने पनि पत्ता नलगाउने गाउँका रोदन आवाजहरुले मन दुखि त हुन्थ्यो नै । नागरिहरुको सरकार प्रतिको गुनासोले साच्चै सरकारले के गरेको छ र नागरिकका लागि भन्ने कुरा पनि दुइमत नै छैन । भौतिक कुराहरुको विकास त गाउँमा केहि भएको छ तर मानिसको चेतना स्तर उकास्न सरकारले केहि प्रतिशत पनि काम गर्न सकेको छैन ।

मेरो गणना मेरो सहभागिता त भनियो, तर बुझेकै मान्छेहरू जस्तै स्थानीय जनप्रतिनिधि हरुबाटै हामीले त्यो सहभागिता पाएनौं । यदि उहाँहरू (स्थानीय जनप्रतिनिधिहरु)ले जनगणना बारे गाउँमा राम्रो प्रचार गरेर घरमा कम्तीमा एक जनालाई बस्न आग्रह गरिदिएको भए हामी गणकहरुलाई गणना गर्न केही सहज हुन्थ्यो तर अफसोच उहाँहरूले त्यस्तो गर्नु भएन जस्को कारण घरदैलो गर्दै जाँदा धेरै जसो उत्तरदाता घरमा भेटिनु भएन अनि ३/४ घण्टा पर्खेर पनि परिवारमा कोही नआउँदा र उत्तरदाताको मेलापातमै गएर पनि काम सम्पन्न गरियो ।

गाउँमा बसोबास गर्ने धेरै जसो बालबालिका, महिला तथा वृद्धवृद्धाहरु छन । युवाहरु नेपाल छाडि भारत तथा तेस्रो मुलुकमा नगएको घर कुनै छैन । एक छाक खानका लागि अरुको काम गरेका ति परिवारहरु ठुला भनौदाहरुबाट हेपीएका आवाज धेरै छन । युवा जति भारत तथा तेस्रो मुलुकमा छन । रोजगार छैन, बाच्न परिहाल्यो भन्दै सानै उमेरमा भारतमा जानु पर्ने बाध्यताले जरा गाढेको छ । गाउँका ति सोझा मान्छेहरुलाई जनगणना के हो भन्ने के थाहा । उनिहरुलाई हामी पुग्दा के लिएर आउनु भयो के दिनुहुन्छ । यो भनेर हामीलाई के हुन्छ ? जस्ता प्रस्नहरु हरेक घरबाट सुन्न पाइयो । साक्षर भएको हाम्रो देशमा पढ्न लेख्न नजान्ने हरु भन्दा जान्नेहरुबाट जनगणनाको बारेमा नबुझे जस्तो गर्ने शिक्षीत भनौदाहरु पनि यहि समाजमा भेटिए । न त उनिहरु अरुलाई सहयोग गर्न चाहान्छन, न त उनिहरु अरुका कुरा सुन्छन ।

### गणनाको समयावधिभर उत्तरदाताहरूबाट आएका केहि गुनासा तथा प्रश्नहरू :

मेरो वुहारी/ श्रीमती / छोरा / छोरीलाई यस्तै जागिर बुझ्देऊ ल ! खुलेको बेला हामिलाई किन खबर नगरेको ?, दैनिक ४/५ हजार आउला हैन ? चुनावको लागि भोट माग्न आको होला हैन ?गणना गरेर हामिले के पाउछौ ?, अस्ति भर्खर एक जनाले ढोकामा लेखेर सबै गनेर गयौ फेरि किन ? हाम्रो सम्पती बुझेर सरकारले कर लगाउन खोजेको होला हैन ? वृद्धा भत्ता लिनलाई हैरान बनाए घरघरमा पुर्याउने व्यबस्था गरिदिनु ल ? विद्धाभत्ता दिन यसै गरि कर्मचारी खटाए हुदैन ? गाउको बाटो बनाउन समयमा काम नगर्ने सरकार ले गणना चै समयमै सक्नै पर्नी किन नि ?, राजनितिले गर्दा छोरा/छोरीले राम्रो संग पढ्न पाएको छैनन् ?, उपभोक्ता समिति कमाउने समिति जस्ता भए ? गुणस्तरीय रासायनिक मल खै ? पल्लोवडामा बीउ बिजन दियो रे । हामीलाई दिएको खै ? गाउँमा एउटा सुबिधा सम्पन्न स्वास्थ्य संस्था खै ? चुनावमा मात्र लेख्ने अरुवेला कुन दुलोमा बसेको छ सरकार ? हरेक कुरामा राजनीति छ ।

जसले राजनीति गर्छ उसैका छोराछोरीलाई जागिर हामीहरुको दिन कहिले आउछ ? हामीलाई एउटा सिटामोल दिने हैन लेखेर के लुतो लाउँछौ ? हामीले भोट दिंदैनौ अब ? चुनाव कहिले हो ? जस्ता प्रश्नहरु र गुनासाहरु धेरै थिए । यि त प्रतिनिधि मात्र थिए । सांच्चि हाम्रो देशको राजनीति अस्थीरताले जरा गाढेको हुनाले जनताका गुनासा धेरै छन । सरकारले गरिब तथा निमुखा जनताहरुका लागि कुनै काम नगरेको आभास दिलाउछ । समाज रुपान्तणका लागि सरकारले नेपालको जनशक्ति संचालन गरि उद्योग तथा कलाकारखाना खोले विदेशिन बाध्य युवाहरुलाई नेपालमै केहि रोजगार दिन सके विकास हुन समय लाग्ने थिएन ।

शैक्षिक योग्यताको प्रमाण पत्र मात्र भएर के काम ? निवन्ध र जिवनी हाम्रो बुवाहरुले पढे फेरी त्यही निवन्ध र जिवनी पढेर प्रमाण पत्रको खोस्टोलाई लेमिनेसन गरि सुरक्षीत राख्नु बाहेक युवाको काम अरु छैन । न त हाम्रो देशमा शिक्षा निति ठिक छ न त युवाहरु परिचालन गर्ने योजना सरकारको छ । केहि नभएपछि भारत तथा तेस्रो मुलुकमा जानेबाहेक विकल्प अरु छैन । नेता ज्यू राजनिती गर्ने भए जनताका पिडा बुझेर राजनिति गर अनी गाउँका जनताको जिवन स्तर बनाउने निति बनाई चुनाव लड । अनि जनताको जिवन स्तर उचाईमा पुऱ्याउ नत्र भने म जस्ता बेरोजगार युवाहरु विदेश गएर पसिना बगाउनु बाहेक अरु विकल्प हुने छैन । कि त काम देउ सरकार, कि त बाटो देखाईदेउ ।

धन्यवाद ।

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
सरुमारानी गाउँपालिका, बड्डाँडा प्यूठान

## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका, लिवासे प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# मौरी पालन कसरी गर्ने सम्पूर्ण जानकारी

सुमन अधिकारी

मेहनती कृषकले कम लगानीमा राम्रो आय आर्जन गर्न सक्ने सरल मौरी पालन व्यवसाय हो। यसलाई मध्यनजर गर्दै धुवाकोटमा सात दिने मौरी पालन तालिम सुरुभएको छ । । तालिममा मौरीपालन कसरी पाल्न सकिन्छ सम्पूर्ण जानकारी गराईने छ।

**तालिममा सिकाईने विषय वस्तुहरूः**

-मौरी घारहरू राख्ने ठाउँको १-१.५ कि.मी. वरिपरि मौरी चरन बाली-बिरूवा फैलिएको क्षेत्र, फूल फुल्ने प्रयाप्त अवधि, पानीको श्रोत भएको र विषादीको प्रयोग नहुने क्षेत्र हुनु जरूरी छ। मौरी क्षेत्र वरिपरि सकेसम्म चरन सालभर नै उपलब्ध हुनुपर्दछ।

- मौरी घारलाई अगाडिपट्टि केही ढल्काएर २५-३० से.मी. उचाई भएको स्टैण्ड माथि राख्नुपर्दछ र स्टैण्डको चारवटै खुट्टामा पानीले भरिएको कचौरा राख्नुपर्दछ।

- मौरीको प्रवेशद्वार अगाडि खुल्ला ठाउँ हुनुपर्दछ।

- स्थानीय जातको मौरीको लागि दुई घार बीचको दूरी कम्तिमा १ मिटर हुनुपर्दछ।

**मौसममा व्यवस्थापन कार्यः**

१. गर्मी याममा चर्को घामबाट बचाउन छहारीको प्रबन्ध गर्ने, प्रवेशद्वार ठूलो पार्ने, भेन्टीलेशनको व्यवस्था गर्ने, मौरीको लागि घार बाहिर भाँडोमा नुनिलो पानी (५-८ ग्राम १ लि. पानीमा) राखी दिने।

२. जाडो याममा घारको वरिपरिका प्वालहरू थुनी दिने, प्रवेशद्वार उत्तर दिशातिर नराख्ने, बोरा या गोरखा पत्रले घार-छाउरा फ्रेमहरू माथि छोपि दिने, मौरीले नढाकेको फ्रेमहरू झिकी डमी बोर्ड प्रयोग गरी ठाउँ सानो बनाई दिने, खानाको अभाव भएमा चिनी चास्नी दिन, कमजोर गोलाहरूलाई आपसमा संयोजन गरी दिने।

३. गृष्म र वर्षा याममा मौरीहरू घारको ताप नियन्त्रण तिर बढी लाग्दछन् र साथै यस याममा मौरीका शत्रुहरू जस्तैः अरिंगाल, बच्छ्यूँ, मैन पुतली, चराले दुःख दिन्छन् । यस याममा मौरी आहारको पनि अभाव र रोगहरू पनि लाग्ने हुँदा मौरीहरू गृहत्याग गर्न सक्ने हुँदा रोग नियन्त्रण गरी कृत्रिम आहारको व्यवस्था गर्नुपर्दछ।

४. नियमित रूपमा घार निरीक्षण गर्दा मौरीहरू कम चरनमा जाने, संचित गरेको मह खाईदिने, फुल र छाउरामा कमी देखिएमा मौरीले गृह त्याग गर्न सक्छ। अतः तुरून्त प्रवेशद्वारमा रानू ढोका प्रयोग गर्ने, बलियो गोलाबाट टालेका छाउराहरूको फ्रेम राख्ने, रोगी गोलालाई तुरून्तै औषधी उपचार गर्ने।

५. अनुपयुक्त मौसममा निरीक्षण गर्दा घार धेरै वेरसम्म खुल्ला राख्नु हुँदैन।

**गोलाको पहिचान**

१. चाकाहरूमा छाउराहरू कम र छारिएका हुन्छन्। छाउराको रंग धमिलो खरो देखिन्छ। रोगग्रस्त चाकाबाट नराम्रो गन्ध आउँछ।

२. टालेका छाउराको बिर्को केही तल धसिएको र सानो प्वाल हुन्छ र आसनवोर्ड भित्र मरेका छाउराहरू प्रशस्त देखिन्छन्।

३. त्यस्तै रोगी मौरीहरू घार बाहिर घस्रेर हिंडछन्, उड्न नसक्नु, घारभित्र जताततै मौरी बिष्टा देखिन्छ।

**उपचार विधि**

१. सम्बन्धित विशेषज्ञको सल्लाह लिई यदि इ.एफ.वि. रोग हो भने एन्टिबायोटिक अक्सीटेट्रासाइक्लीन वा टेरामाईटिन २५ मि.ग्रा-फ्रेमको दरले चिसो चिनी चास्नीमा औषधी मिसाई ३ दिनसम्म लगातार दिने वा १ ग्राम औषधी १ लिटर चिनी चास्नीमा मिलाई मौरी, छाउरा चाका आदिमा ५ दिनसम्म लगातार स्प्रे गर्ने।

२. टी.एस.वि.भी. रोग भाइरसद्वारा लाग्ने भएकोले व्यवस्थापनमा सुधार गर्ने र विशेषज्ञसँग सल्लाह गरी सो अनुसार गर्ने।



**रोकथाम गर्ने उपायहरूः**

१. एपियरीमा बलियो गोला मात्र राख्ने, कमजोर गोलाहरू भएमा संयोजन गर्ने।

२. फोहर पोखरीको छेउछाउमा घार नराख्ने। सकभर बगिरहेको पानीको श्रोत नजिकमा हुनुपर्दछ।

३. घार निरीक्षण गर्दा बलियो र स्वस्थ गोला पहिले, कमजोर र रोगी गोला सबै भन्दा पछि निरीक्षण गर्ने।

४. हरेक पल्ट एक घार पछि अर्को घार निरीक्षण गर्दा हात र प्रयोगमा आएका मौरी सामग्रीहरू राम्रोसँग साबुन पानीमा पखालेर मात्र प्रयोग गर्ने।

**मैरी गोला व्यवस्थापन कार्य तालिकाः** चैत्र-वैशाख एपिएरीमा मौरी गोलाको प्रबन्ध

१ परम्परात घार सुधार गर्ने वा आधुनिक घार सफा गरी मौरी राख्ने।

२ मौरी गोलाको अगाडि खुल्ला ठाउँ हुनेगरी दुई घार बीचको दूरी कम्तीमा १ मिटर राख्ने।

३ हप्तैपिच्छे गोला निरीक्षण गरी हुल निर्यासबाट भाग्न सक्ने मौरीलाई छुट्याई गोला वृद्धि गर्ने।

४ रानू पुरानो छ भने नयाँ रानू राख्ने।

५ गोलामा मौरीको संख्या बढ्दै जाँदा खाली चौकोस थप्दै जाने।

६ मौरीको संख्या बढेपछि प्रवेशद्वार बढ्ने गरी लामो प्वालतर्फ फर्काउने।

७ छाउरा कक्षा भरिएपछि महकक्ष (क्गउभच) राख्ने।

८ हावा खेल्ने गरी घारमा प्वालहरू मिलाउने।

९ प्राकृतिक शत्रुहरूको नियन्त्रण गर्ने।

१० तापक्रम-आर्द्रता बढ्ने हुँदा रोगको आक्रमण हुने भएकोले निरीक्षण गरी नियन्त्रण गर्ने।

११ महकक्ष भरेर ९०% जति कोष टाली सकेपछि मदानीको सहायताले मह काढ्ने।

१२ मह काढ्दा मौसम हेरी मौरीको लागि पनि मह छोडेर काढ्ने।

जेष्ठ-अषाढ नियमित रूपमा मौरी घार निरीक्षण गरी गोला स्वस्थ राख्ने।

१ चर्को गर्मी भएमा घार वरिपरि पानी छर्कने।

२ घार वरिपरि नुन पानी (१ लि. पानीमा ८ ग्राम नुन) राखिदिने।

३ चरन हेरी स्थानान्तरण गर्ने।

४ कमजोर गोलालाई बलियो गोलाबाट छाउरा सहितको चौकोस ल्याई मिलाउने।

५ घारको खुट्टामा कचौरा राखी पानी भर्ने र कमिलाबाट बचाउने।

६ अन्य प्राकृतिक शत्रुहरूलाई नियन्त्रण गर्ने (अरिङ्गाल, बच्छ्यूँको गोला नष्ट गर्ने) या घार प्रवेशद्वार नजिक बसी चेप्टो लठ्ठीले हानी मार्ने।

साउन-भदौ वर्षाबाट घारहरूलाई जोगाउने।

७ मैनपुतलीको प्रकोप हुन सक्ने भएकोले नियन्त्रण गर्ने।

८ कृत्रिम आहार (चिनी चास्नी) को व्यवस्था गर्ने।

असोज-कार्तिक मौरीहरू फेरी सक्रिय भएर आउँछन् त्यसैले उपयुक्त क्षेत्र छनौट गरी स्थानान्तरण गर्ने।

९ पुरानो रानू बूढी भएको भए नयाँ फेर्ने।

१० हुल निर्यास व्यवस्थापन गर्ने।

११ वसन्त ऋतुमा जस्तै सुपरको व्यवस्था गर्ने।

१२ पाकेको मह काढ्ने।


## कृषि तथा तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा.-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८१८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।



## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**मल्लरानी गाउँपालिका, खलंगा प्यूठान**

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ५/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# प्यूठान मेरो गाउँ

*कविता*



**श्यामकुमार क्षेत्री मुस्कान**
नौबहिनी गा.पा ८ बल्लेखोला प्यूठान
हाल कार्यरत भारत

चार हजारको जनसंख्या, पहाडि यो ठाउँ ।
खोला नाला हरियाली, प्यूठान मेरो गाउँ ।
रोल्पा अर्घाखाँचीको सिमानामा पर्ने ,
प्यूठानको फेदैमा झिम्रुक नदी झर्ने ।

बल्लेखोला लुङखोला उत्पादनमा दिन्छ बल ।
सिरानमा डाँडा पाखा हरियाली, फाँट तल ।
अन्नपात, फलफूल सब्जी, आफ्नै -आफ्नैपन ।
वर्षा यामको हरियाली राम्रो, सबको मन ।

हाटबजार गाउँमै छ, उच्च मा. बि. पनि।
मोटरबाटो पनि पुग्यो, गाउँ घर मै खनी।
बिजुलीको उज्यालो भो, घर गोठ सब ।
प्रहरी र स्वास्थ्य चौकी, गाउँमै छन् अब ।

शिक्षा , स्वास्थ्य चेतनाको, गाउँ भरि लहर ।
पढौं शिक्षा पढ्नु पर्ने, सबमा चल्यो रहर ।
सबै वर्ग जाति साथमै, मिली बस्ने बानी ।
सानो ठूलो भन्ने सबै, मासौं अब हामी ।

धरै गर्न बाँकी नै छ, यो गाउँको लागि ।
जोश जाँगर राखौं साथमा, नजानू है भागी ।
भारी बोकी हिड्ने ठाउँमा, मोटर बाटो अब ।
कृषि विकाश तर्फ लागौं, बन्छ यो गाउँ तब ।

## गजल



**निम बहादुर शाही (रातोमुला)**
ऐरावती गा.पा.-२ ददेरीपाट प्यूठान
हाल साउदी अरबिया

उन्ले सपनामा घाँस दाउरा बोक्दै थिन।
खोल्सिको पानी संगै मकै टोक्दै थिन।

बर्सौ पछि के देखे रवै सपनिमा तेस्तो ,
गहभरिका आँसु मुस्किलले रोक्दै थिन।

बर्बराउदै एकातन्तमा एक्लै एक्लै टोलाइ
कहाँ चुके चुकाए भन्दै पुर्पुरो ठोक्दै थिन।

हाम्रो भेट हुन्न अब यो जनममा पक्का हो,
पश्चतापका गाथा सुनाउन घोक्दै थिन।

जिउँदा बाआमाका टुहुरा छोराछोरी पारी,
जीवन सुन्यताको रथ यात्रा झोक्दै थिन।।

# मौलिक मारुनि नाच जोगाउँदै बेलडाँडाका युवाहरू



**तेजेन्द्र बि.एम.**
**प्यूठान**

मगर समुदायमा नाचिने परम्परागत संस्कृति मारुनी अर्थात् ठूलो नाच जोगाउन पछिल्लो समय युवाहरू सक्रिय रूपमा लागेका छन् । १० वर्ष अघिसम्म मगर समुदायको टोलटोलमा देखिने यस्तो नाच अहिले बिरलै देख्न पाइन्छ । मल्लरानी गाउँपालिका-५, बेलडाँडा (थापा बस्ती) का युवाहरु अहिले यही नाच बचाउन लागि परिरहेका छन् । परम्परागत संस्कृति संरक्षणमा कसैको ध्यान नजाँदा यस्तो नाच नाचिन छाडेको हो ।

'युवा पुस्ताले यसलाई झन्जटिलो मान्छन्,' मल्लरानी-५ बेलडाँडाका भिम बहादुर थापा मगर भन्छन्, 'बुढा पुस्ताले धानेकाले नै अहिलेसम्म कतैकतै नाचिदै आएको छा' मेहनतका साथ देवी-देवताको भाकल गर्दै दसैंदेखि पुस १५ सम्म यो नाच नाचिन्छ । मनोरञ्जनका साधन केही नहुँदा भने टोलटोलमै यस्ता नाच नाचिने गरेको थपाले बताए । हाम्रो यो नाचको समुह तिहार (बलिहाङ पर्व) मा देउसी भैलो खेल्ने र पौष १५ भित्र भैलो फुकाउने चलन छ । ठाउँ अनुसार केही फरक चलन छ होला, हाम्रो यहाँको चलनसङ्ग नमिल्न सक्छ । शिवजी कैलाशमा गएर बसेको र गीतबाट शिवजीकै कथा पनि समेटेर गाउने भएकाले गोबरको कैलाश/हिमाल बनाउछौ । थापाले भने । बलिहाङ पर्व (तिहार) को भैलो फुकाउने भएकाले शिवजी र बलिहाङ राजाको नाममा बनाएको कैलाश र राजाको मुर्तिलाई कुमार केटाले बिहानै देखि पानी पनि नखाएर त्यसमा धुप बत्ती गरिरहनुपर्छ।' हामी गीत बाटै पालैपालो लगाएका ड्रेस, बाजा तथा सम्पुर्ण सामानहरु बिसर्जन गर्छौं । अन्त्यमा मादलेले कुखुराको भाले र मारुनिले पोथी चल्ला हतियार प्रयोग नगरी हातले चिमुटेर सबै सामनहरुलाई भोक दिने प्रचलन छ,' थापाले भने ।

यो नृत्य मनोरन्जनका लागि मात्र होइन, पराम्परागत कला-संस्कृति जोगाउनसमेत महत्वपूर्ण रहेको उनले बताए । पछिल्लो पुस्ताले यो नाच नाच्न सिक्न, यसको लयमा लय मिलाउन तथा मादलको तालमा नाच्नखासै ध्यान दिएको पाइँदैन । 'सबै कुरा सिक्न निकै गार्होय छ,' मारुनी नाच्ने युवा प्रितम थापा मगर भन्छन्, 'तैपनि हामी युवा पुस्ताले सिक्नुपर्छ भन्ने मान्यतामा छौं ।'

प्युठान जिल्लाको डामृ, खबाङ्ग, स्याउलिबाङ्ग, सराङ्गबेसी, कैरन, जुम्रीकाडा, स्वर्गद्वारीको खाल, माझकोट आदि गाउँमा अहिले पनि यो नाच कहिकतै देख्न पाइन्छ भने रोल्पा, पाल्पा, सल्यान, रुकुम, दाङ्ग आदि छिमेकी जिल्लाहरुमा समेत कहिकतै छ भन्ने सुनिन्छ,' थापाले भने । मल्लरानी-५, का वडा अध्यक्ष राम बहादुर थापा मगर का अनुसार मारुनी परम्परागत नाच हो । पुरुषलाई महिलाको कपडा पहिराएर मारुनी बनाएर मादलको तालमा यो नाच नाचिन्छ। पुराना पौराणिक कथाहरूमा आधारित गीत गाएर नाचिने यो नृत्य मगर जातिको संस्कृति भएको अध्यक्ष थापाले बताए। यो नाच प्रायः सबै ठाउँमा सबै जातिले अपनाएको देखिन्छ ।

मारुनी नाचमा दुई जना मारुनी दुई देखि तीन जना मादले, एक जना पुरसुङ्गे तथा ६ जनादेखि १० जनासम्म गायक हुन्छन् । गायकहरूमध्ये एक जना गुरु हुन्छ। थापाका अनुसार गीत निकाल्ने 'रौरा' ले गीत निकाल्छ । खास गरेर दसैं, तिहार, देउसी/भैली, न्वारन, पूजा, कुत बढाई (छोरा पाउँदा) आदि समयमा मारुनी नाच नाचिन्छ । 'मारुनी' नै यो नृत्यको मुख्य पात्र हुन् ।

मारुनीहरू मादलेको तालसँगै अगाडि-पछाडि घुमेर नाच्छन् । सिंगारिएर एकपटक मारुनी बनिसकेपछि नाचको पूरा अवधिसम्म मारुनी बदलिन पाउँदैनन् । यो नृत्यमा पुरसुङ्गेहरू पनि मारुनीसँगै नाच्छन्। पुरसुङ्गेले महिलाको कपडा लगाएको हुदैन । पुरसुङ्गेले मारुनीकै हाउभाउमा ताल मिलाउनुपर्छ । 'पुरसुङ्गेहरू बदलिएर नाच्न सक्छन् । यसका लागि नाच्ने कला हुनु जरुरी छ,' रौरा थापाले भने । मारुनी नाचमा गीत अनुसार मादलको ताल पनि अलग-अलग हुन्छ । मादलको ताल बिग्रियो भने गुरुलाई स्वर तथा गीत परिवर्तनको संकेत दिइन्छ । यो लोपोन्मुख मौलिक संस्कृति जोगाउनु हाम्रो समुदायको दायित्व भएको रौरा थापाले बताए ।


## जनहितमा जारी सन्देश

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा नगरपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपूर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक**
**ऐरावती गाउँपालिका, बरौंला प्यूठान**

## स्वस्थ र सुन्दर संसार, स्तनपान एकमात्र आधार

### स्तनपान सम्बन्धी महत्वपूर्ण सन्देशहरु

- आमाको दुध शिशुका लागि अमृत समान हो । शिशु जन्मेको एक घण्टाभित्रै आमाको दुध चुसाउनुपर्दछ ।
- आमाको पहेलो बिगौती दुध शिशुका लागि पहिलो खोप हो । यसमा रोगसँग लड्न सक्ने तत्वहरु हुन्छन् ।
- शिशुलाई जन्मेदेखि ६ महिनासम्म आमाको दुध मात्रै खुवाउनुपर्छ ।
- शिशुलाई चाहिने पानी समेत आमाको दुधमा नै हुने हुनाले ६ महिनासम्म आमाको दुध बाहेक पानी पनि खुवाउनु पर्दैन ।
- शिशु ६ महिना पुरा हुनासाथ आमाको दुधका साथ साथै पोषिले थप आहार खुवाउन थाल्नुपर्छ, कम्तिमा २ वर्षसम्म थप आहारका साथै स्तनपानलाई पनि निरन्तरता दिइरहनुपर्दछ ।
- नियमित स्तनपान गराउने आमाहरुको स्तन र पाठेघरमा क्यान्सर हुने सम्भावना पनि धेरै कम हुन्छ ।
- पूर्ण स्तनपान गराएका बच्चाहरुको दिमागी क्षमता पूर्ण स्तनपान नगराकाको भन्दा तीक्ष्ण हुने अध्यनहरुले प्रमाणित गरेका छन् ।
- स्तनपान गर्न नपाएका शिशुहरु पछि गएर झगडालु स्वभाव हुने, अरुसँग घुलमिन गर्न नसक्ने र अपराधिक कार्यहरुमा लाग्ने सम्भावना बढि हुने कुरा पनि अनुसन्धानबाट पत्ता लागेको छ ।

अनुरोधक :
**स्वास्थ्य कार्यालय, प्यूठान**

तपाइको घर तथा अफिस अफिसको साथी .......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

# राज डेकोर होम

9857821586



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ

## जिल्ला निर्वाचन कार्यालय प्यूठानको सुचना

यहि मिति २०७८ साल मंसिर १७ गतेदेखि २६ गतेसम्म स्वर्गद्वारी नगरपालिका, सरुमारानी गाउँपालिका, गौमुखी गाउँपालिका, झिमरुक गाउँपालिका तथा मंसिर २९ गतेदेखि पुस ९ गतेसम्म माण्डवी गाउँपालिका, ऐरावती गाउँपालिका, नौबहिनी गाउँपालिका र प्यूठान नगरपालिकामा फोटो सहितको मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन हुने भएकोले नेपाली नागरिकता बनाई फोटो सहितको मतदाता नामावली दर्ता हुन बाँकी रहेका नेपाली नागरिकहरु आ-आफ्ना स्थानीय तहको केन्द्रमा गई अनिवार्य रुपमा आफ्नो नाम दर्ता गराउनुहुन अनुरोध गरीन्छ ।

**राजन श्रीवास्तव**
**कार्यालय प्रमुख**
तथा
**जिल्ला निर्वाचन कार्यालय, प्यूठान**

## लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी र मानसिक तथा शारीरिक यातना अपहेलना र धम्काउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानुनी अपराध हुन् । कोहि कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।

लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान